# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८१।१२।२१ | बैठक संख्या : २१

बैठक प्रारम्भः | बैठक समापन समय :

आ.व. ०८१।०८२ को २१ औ कार्यपालिका बैठक मिति २०८१।१२।२१ गते बिहिबारका दिन यस सभापोखरी गाउँपालिका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यू को अध्यक्षतामा तपशिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा कार्यापालिका बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो।

**उपस्थितिः**

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भीम बहादुर लिम्बु | गा.पा.अध्यक्ष | | |
| २. | श्री लक्ष्मी चापागाई | गा.पा.उपाध्यक्ष | | |
| ३. | श्री इश्वर पुलामी मगर | वडाध्यक्ष वडा नं. १ | | |
| ४. | श्री राज कुमार राई | वडाध्यक्ष वडा नं.२ | | |
| ५. | श्री खन बहादुर लिम्बु | का.वा. वडाध्यक्ष वडा नं.३ | | |
| ६. | श्री शुकराज लिम्बु | वडाध्यक्ष वडा नं. ४ | | |
| ७. | श्री मनि कुमार राई | का.वा.वडाध्यक्ष वडा नं.५ | | |
| ८. | श्री जितेन्द्र वनेम फागो | वडाध्यक्ष वडा नं.६ | | |
| ९. | श्री पृथ्वी नारायण राई | कार्यापालिका सदस्य | | |
| १०. | श्री टंक बहादुर विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| ११. | श्री कविता लिम्बु | कार्यापालिका सदस्य | कविता | |
| १२. | श्री जमुना राई | कार्यापालिका सदस्य | | |
| १३. | श्री शुसिला राई | कार्यापालिका सदस्य | | |
| १४. | श्री बेल कुमारी विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| १५. | श्री बुकु प्रसाद आचार्य | प्रमुख प्रशासकीय अधिकृत | | |

प्रमुख प्रशासकीय अधिकृत

# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाहबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८१।१२।२१

बैठक प्रारम्भ:

बैठक संख्या : २१

बैठक समापन समय :

### कर्मचारी उपस्थिति

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दिपा सापकोटा | प्रशासन अधिकृत | | |
| २ | श्री हरिकिरण बस्नेत | लेखा अधिकृत | | |
| ३ | श्री विजय सिंह | प्रा.स. | | |
| ४ | श्री सपना बस्नेत | ना.प्रा.स. | | |
| ५ | श्री ऋषिकेश दाहाल | का.स. | | |
| ६ | | | | |
| ७ | | | | |

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

# सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।१२।२१ मा बसेको बैठकको

## प्रस्ताव र निर्णयहरु:-

| सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | सभापोखरी गाउँपालिकाको पाचँ शैया अस्पताल भवनको म्याद थप सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा यस सभापोखरी गाउँपालिकामा निर्माण भइरहेको पाचँ शैया अस्पताल भवन सम्बन्धमा नेपाल सरकारबाट आवश्यक मात्रामा बजेट निकासा नभएको र केहि कार्यलाई भेरियसन गरि थप निर्माण गर्नु पर्ने भएकोले चक्रेश्वरी/जोशी /चेम्जोङ्ग जे.भी. को मिति २०८१।१२।१० को माग निवेदन अनुसार २०८२ जेष्ठ मसान्त सम्मको लागि सभापोखरी गाउँपालिकाको पाचँ शैयाको आधारभूत अस्पतालको ठेक्का (Construction of 5 Bed primary Hospital Sabhapokhari Rural Municipality Bahrabise, Sankhuwasabha, Nepal . Contract No. SPRM/FM/NCB/07/077-078) को सम्झौता म्याद थप गर्ने निर्णय पारित गरियो। |
| २ | बराजुथान बाहबिसे देखि जनजाति भवन सम्मको सडक पिचको जनसहभागीता संसोधन सम्बन्धमा | प्रस्ताव माथि छलफल गर्दा मिति २०८१।०८।१७ गतेको १० औ कार्यपालिका बैठक निर्णय नं.३ मा बराजुथान बाहबिसे देखि जनजाती भवन सम्म सडक कालोपत्रे गर्न समपुरक कोष खर्च शिर्षक नं. ३१११७१ बाट रु ४२,००,०००।- विनियोजन भएकोमा उक्त सडक निर्माणमा स्थानीय जनताबाट रु १२,५०,०००।-(अक्षरुपी बाह्र लाख पचास हजार मात्र) लागत सहभागिता व्यहोर्ने र थप रकम रु ४४,५२,६१०(अक्षरुपी चौवालिस लाख बाउन्न हजार छ सय दश मात्र) गाउँपालिकाले व्यहोर्ने गरि उक्त सडक कालोपत्रे गर्ने निर्णय पारित गरियो । |
| ३ | प्रशासनिक भवनको पिन्थ लेभलमा लगाएको पाइपको रकम भुक्तानी सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको प्रशासनिक भवनको पिन्थ लेभलमा लगाएको पाइपको रकम रु ८२,५००।- बजेट उपशिर्षक नं. ८०१०४५०४१०१, खर्च शिर्षक नं. २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्चबाट भुक्तानी दिने निर्णय पारित गरियो। |
| ४ | महिला सेफ हाउस निर्माणको रकम निकासा निर्णय संसोधन सम्बन्धमा | प्रस्ताव माथि छलफल गर्दा मिति २०८१।१२।०५ गतेको कार्यपालिका बैठक निर्णय अनुसार जिल्ला समन्वय समितिको कार्यालयको च.न.२७२, मिति २०८१।११।१९ गतेको पत्रानुसार सुरक्षित आवासगृह तथा पुनस्थापना केन्द्र संचालन कार्यबिधि २०८१ को दफा ५ को उपदफा १ र उपदफा २ को क र छ बमोजिम सुरक्षित आवासगृह तथा पुनस्थापना केन्द्र संचालन कोषमा यस सभापोखरी गाउँपालिकाबाट विनियोजन गरिएको खर्च शिर्षक नं. २२५२२, असहाय बेसहारा बालबालिकाहरुको उद्धार, संरक्षण तथा व्यवस्थापनको रकम रु १,५०,०००।०० जिल्ला समन्वय समितिको कार्यालय संखुवासभाको खातामा अनुदान उपलब्ध गराउने निर्णयमा उक्त निर्णयलाई संशोधन गरि बजेट उपशिर्षक ८०१०४५०४११२ सामाजिक विकास कार्यक्रम-महिता बालबालिका तथा जेष्ठ नागरिक, खर्च शिर्षक नं. २२५२२ अल्पकालिन महिला सेवा केन्द्र सेफ हाउस व्यवस्थापन बाट रु १,००,०००।- जिल्ला समन्वय समितिको कार्यालय संखुवासभाको खातामा उपलब्ध गराउने निर्णय पारित गरियो। |
| ५ | सभाखोला "बि" तथा सभाखोला "सि" जलबिद्युत आयोजनाको विद्युत प्रशारण लाइन संचालन अनुमती सम्बन्धमा। | प्रस्ताव माथी छलफल गर्दा सभापोखरी गाउँपालिकामा संचालनमा रहेको श्री अर्विट इनर्जि लिमिटेड अन्तर्गतको सभाखोला "बि" तथा सभाखोला "सि" जलबिद्युत आयोजनाको विद्युत प्रशारण लाइन संचालनको लागि अनुमती प्रदान गर्ने निर्णय पारित गरियो। |
| ६ | बजेट रकमान्तर सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका वडा नं. १ वडा स्तरिय पुरुष भलिवल प्रतियोगिता कार्यक्रमका लागि रकम अपुग भएकाले बजेट उपशिर्षक नं. ८०१०४५०४१०१ सभापोखरी गाउँपालिका खर्च शिर्षक नं. २५३१५ अन्य सस्था सहायताबाट रु १,२०,०००।– उक्त कार्यक्रमको लागि रकामान्तर गर्ने निर्णय पारित गरियो। |

निर्णय प्रमाणित
०८१।१२।२१
प्रमुख प्रशासकीय अधिकृत

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।१२।२१ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-

<table>
<tr>
<td></td>
<td>सुन्तला जात फलफुल खेति विस्तार कार्यक्रम अन्तर्गत पाइप वितरण सम्बन्धमा।</td>
<td>प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको आ.व. २०८१।०८२ को कोशी प्रदेश कार्यक्रम अन्तर्गत सुन्तलाजात फलफुल खेति विस्तार कार्यक्रम अन्तर्गत ७५ % अनुदानमा कार्यक्रम संचालनको सिचाइ पाइप वितरणको लागि आवेदन पेश गरेका कृषकहरु मध्यबाट वडा समितिले छनौट गरेका तर चालु आ.व. मा पाइप पाएका व्यक्तिहरुको लगत कट्टा गरि बाकी रहेका तपशिलका कृषकहरुलाई ७५% प्रतिशत अनुदानमा तपशिल बमोजिम सिचाइ पाइप वितरण गर्ने निर्णय पारित गरियो। साथै प्रति कृषक २० MM को ३०० मिटर र २५ MM को २०० मिटर प्रदान गरिने निर्णय पारित गरियो।<br>तपशिलः-
<table>
<tr><th>क्र.स.</th><th>वडा नं.</th><th>कृषक संख्या</th><th>२०MM</th><th>२५ MM</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१</td><td>३</td><td>१</td><td>२</td><td></td></tr>
<tr><td>२</td><td>२</td><td>२५</td><td>२०</td><td>५</td><td></td></tr>
<tr><td>३</td><td>३</td><td>२५</td><td>२०</td><td>५</td><td></td></tr>
<tr><td>४</td><td>४</td><td>२५</td><td>२०</td><td>५</td><td></td></tr>
<tr><td>५</td><td>६</td><td>१६</td><td>१३</td><td>३</td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>८</td>
<td>संरक्षण क्षेत्रमा कानुन विपरित माछामारेमा जरिवाना सम्बन्धमा।</td>
<td>प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको सभाखोला र लंखुवा खोलाको संरक्षण क्षेत्रमा वा निषेधीत क्षेत्रमा जाल हान्नेर/बल्छी /घरुवा/दुवालीको प्रयोग गरि माछा मारेमा रु ५०,०००।– र करेन्ट लगाएर / बिषाधि लगाउने कार्य गरेर माछा मारेमा रु १,००,०००।- प्रहरी प्रशासनको सहयोगमा माछा मार्ने व्यक्तिलाई प्रकाउ गरि जरिवाना असुल गर्ने र सो रकमको १५% हुन आउने रकम सम्बन्धित प्रहरी प्रशासनलाई प्रोत्साहान स्वरुप दिइने छ। यदि जरिवाना असुल गर्न नसकिएका नेपाल सरकारको प्रचलित कानुन बमोजिम मुद्धा दर्ताको लागि सिफारिस गर्ने निर्णय पारित गरियो। साथै निषेधीत क्षेत्रमा माछा मार्ने व्यक्तिको बारेमा गोप्य सुचना दिने सर्वसाधारण व्यक्तिलाई असुल उपरको ५% प्रोत्साहन स्वरुप दिइने निर्णय पारित गरियो।</td>
</tr>
<tr>
<td>९</td>
<td>आयोजना माग सम्बन्धमा।</td>
<td>प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको धुपु खोला ग्याविन वाल निर्माण आयोजना जलस्रोत तथा सिचाई डिभिजन कार्यालय खादँबारीलाई लागत इस्टिमिट सहित उक्त आयोजना माग गर्ने निर्णय गरियो।</td>
</tr>
</table>

प्रमुख प्रशासकीय अधिकृत